माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर, प्युठान
५ नं. प्रदेश नेपाल
२०७३

**आज मिति २०७७ साल भाद्र २७ गते यस माण्डवी गाउँपालिका कार्यपालिकाको बैठक बसी तपशिलको प्रस्तावहरु माथि छलफल गरियो ।**

**प्रस्तावहरु**

१. प्रारम्भीक वातावरणिय परिक्षण प्रतिवेदन स्विकृत सम्बन्धमा ।

२. माडि, झिमरुक र अरङ्गखोलामा नदिजन्य कार्यको ठेक्का लगाउने सम्बन्धमा ।

**निर्णयहरु**

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा माण्डवी गाउँपालिका अन्तर्गत नदीजन्य पदार्थको बिक्री वितरण गर्न प्रारम्भीक वातावरणिय परिक्षण गर्नुपर्ने कानुनी व्यवस्था भए बमोजिम गाउँपालिकाले स्विकृत गरेको प्रारम्भीक वातावरणिय परिक्षण कार्यविधि २०७७ को परिच्छेद ३ को कानुनी व्यवस्था अनुसार प्रतिवेदन तयारी तथा स्वीकृत सम्बन्धमा दफा ७ मा भएको व्यवस्थाले प्रारम्भीक वातावरणिय परिक्षण प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँपालिकाका अध्यक्ष समक्ष पेश गर्नुपर्ने व्यवस्था भए बमोजिम मिति २०७७/०५/२६ गते पेश भएको उक्त प्रतिवेदनलाई दफा ७ को उपदफा (२) बमोजिम गा.पा. प्राविधिक समक्ष प्रतिवेदन उपर अध्ययन, विश्लेषण तथा पुनरावलोकनलाई पठाइएकोमा सोहि दिन प्राविधिक समितिबाट स्विकृतिका लागि सिफारिस भएकाले दफा ७ को उपदफा (४) बमोजिम गाउँपालिका अध्यक्षबाट कार्यपालिका बैठकमा पेश भएको प्रारम्भीक वातावरणिय परिक्षण प्रतिवेदन सर्वसम्मतीले स्विकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. २ प्रस्ताव नं. २ माथि छलफल गर्दा माण्डवी गाउँपालिका अन्तर्गत भएर बग्ने माडी, झिमरुक र अरङ्गखोलामा भएका नदिजन्य पदार्थलाई बिक्री वितरणका लागि प्रारम्भिक वातावरणिय परिक्षण प्रतिवेदनले सुझाएका विषयहरुलाई पालना गर्ने गरि ठेक्का प्रक्रियामा गई विक्रि वितरणका लागि सूचना निकाली कार्य अगाडी बढाउने निर्णय गरियो ।

**प्रमाणित गर्ने**
**शिसिर रिजाल**
**प्रमुख प्रशासकीय अधिकृत**